# अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०८

शेयरधनी महानुभावहरु,

सञ्चालक समितिको मिति २०८१/०९/०४ गतेको बैठकको निर्णय अनुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा बस्ने** :

**मिति :** २०८१/०९/२६ गते, शुक्रबार (तदनुसार जनवरी १०, २०२५)

**स्थान :** युनियन हाउस पार्टी प्यालेस, अनामनगर, काठमाडौं ।

**समय :** बिहान ११:०० बजे ।

**छलफलका विषयहरु** :

**(क) सामान्य प्रस्ताव:**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धीत अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

३) कम्पनी ऐनको दफा-१११ बमोजिम आ.व.२०८१/०८२ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षण समितिको सिफारिस बमोजिम लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

४) रिक्त संस्थापक सञ्चालक पदमा समितिबाट गरिएको नियुक्तिको अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव ।**

१) मातृभूमि हाईड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि.को शेयरमा गरिएको लगानी अनुमोदन गर्ने ।

**(ग) विविध ।**

निशा के.शी.
प्रबन्ध सञ्चालक

**साधारण सभासम्बन्धी सामान्य जानकारी** :

१) कम्पनीको तेह्रौं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८१/९/१४ गते एक दिनका लागि कम्पनीको शेयर दाखिला खारेजी बन्द (बुक क्लोज) गरिने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८१/९/१३ गतेसम्म कारोबार भई नियमानुसार तोकिएको समय भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि.क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुने छन् ।

२) कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रनिवेदन, लेखा परीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहेमा कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर, काठमाण्डौबाट उपलब्ध गराउन सकिने छ । थप जानकारीका लागि यस कम्पनीको आधिकारिक वेब साइट www.upperhewahpc.com.np मा पनि हेर्न सकिने छ ।

३) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान १० बजेदेखि खुल्ला हुने छ ।

४) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खोल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायबाट जारी भएको अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा राख्नु पर्ने छ ।

५) वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सि) नियुक्ति गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२४ गते ११ बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर काठमाण्डौमा दर्ता गराई सक्नु पर्ने छ । शेयरधनी आफू जुन समुहको हो सोही समुहको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्ने छ ।

६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी किताबमा दरखास्त गर्नु भएमा अगाडि दिएको प्रोक्सि स्वत: बदर हुने छ ।

७) एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गर्नु भएमा जुन मुकरित प्रोक्सि कम्पनीको रजिष्ट्रार कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ र त्यो बाहेकको प्रोक्सी मान्य हुने छैन ।

८) असक्षम वा अर्धसक्षम शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले साधारण सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुने छ ।

९) शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१०) छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषयमा छलफल गर्न चाहनुभएमा सो विषयको बारेमा साधारणसभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई जानकारी दिनु पर्ने छ । जसबाट त्यस्तो विषयमा आबश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

११) अन्य थप जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


## अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय: सहयोग मार्ग, अनामनगर काठमाडौं

फोन नं.:०१-५७०५७७४


नोट : अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको तेह्रौं बार्षिक साधारण सभा सम्बन्धी २०८१/०९/०५ मा प्रथमपटक प्रकाशित सूचनामा वार्षिक साधारण सभा बस्ने मिति २०८१/०९/२६ गते शुक्रबार हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ ।